# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
# अस्थायी आवास निर्माण तथा निजी आवास अनुदान वितरण सबन्धी कार्यमा स्थानीय स्वयंसेवक परिचालन सम्बन्धी निर्देशिका

भूकम्पबाट क्षतिग्रस्त व्यक्तिगत घरहरुको पुनर्निर्माण कार्यका लागि नेपाल सरकारद्वारा उपलब्ध गराइने दुई लाख रुपैयाँको अनुदानका लागि सम्बद्ध लाभग्राही घरधनीहरुसँग हुने अनुदान सम्झौता कार्यमा सहयोग पुऱ्याउने, हालसम्म आफ्नो जग्गा नभएको वा भएर पनि घर बनाई बस्न योग्य नभएकोले पाल वा टेन्टमुनी बसिरहेका भूकम्प पीडित घर परिवारहरुका लागि कम्तिमा अस्थायी आवास निर्माण गरिदिने तथा स्थायी आवास निर्माण गर्न चाहने घर परिवारहरुलाई सो कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्वयंसेवकहरुको परिचालन गर्ने लक्ष्यका साथ यो निर्देशिका तयार पारिएको छ ।

## (क) स्वयंसवेकहरुको कार्यक्षेत्र :

१) नेपाल सरकारले उपलब्ध गराउने दुई लाख रुपैयाँको अनुदान रकमका लागि सम्बन्धित गाविसका सचिव/नगरपालिकाका कार्यकारी अधिकृत र सम्बद्ध लाभग्राही घरधनीका बीच हुने अनुदान सम्झौता कार्यमा सहजीकरण गर्ने ।

२) माथि उल्लिखित अनुदान सम्झौतका क्रममा आउने गुनासोहरुलाई व्यवस्थित ढंगले दर्ता गरी नियमानुसार समाधान गराउने कार्यमा सम्बिधत गाविस वा नगरपालिकाका कार्यालयहरुलाई सहयोग पुऱ्याउने ।

३) विभिन्न कारणले हालसम्म पनि टेन्ट वा पालमुनि बसिरहेका भूकम्प पीडित घर परिवारहरुलाई आगामी वर्षात् सुरु हुनु अगावै व्यक्तिगत वा सामूहिक अस्थायी आवासमा ल्याउने कार्यमा सहयोग पुऱ्याउने ।

४) समुदायमा विभिन्न कारणले पछाडि परेका घरपरिवार वा हालसम्म पनि टेन्ट र पालमुनि बसोबास गरिरहेका घरपरिवारहरुले स्थायी आवास पुनर्निर्माण गर्न चाहेमा सो कार्यमा सहयोग पुऱ्याउने ।

## ख) स्वयंसवेक छनौट एवं परिचालन सम्बन्धी विधि, प्रकृया तथा मापदण्डहरु

१) माथि उल्लेखित खण्ड (क) को कार्यक्षेत्र मध्ये बुँदा नं (१) र (२) मा उल्लेखित अनुदान सम्झौता तथा वैंक खाता खोल्ने कामसँग सम्बन्धित कार्यमा सहयोग गर्न चाहने स्वयंसेवकहरु सम्बन्धित गाविस वा नगरपालिकाबाट हुनुपर्नेछ । यस कार्यमा स्वयंसेवक परिचालन गर्न चाहने संघसंस्था वा राजनैतिक पार्टीहरुले सम्बन्धित

गाविस वा नगरपालिकामा गई दर्ता गराइसक्नु पर्नेछ । यस कार्यमा आवश्यक पर्ने स्वयंसेवकहरुको संख्या निर्धारण स्थानीय आवश्यकतालाई ध्यानमा राखी स्थानीय राजनैतिक पार्टीहरुसँगको समन्वयमा सम्बद्ध गाविस वा नगरपालिकाले गर्नेछ ।

२) माथि उल्लिखित कार्य क्षेत्र मध्ये खण्ड (क) को बुँदा न. (३) र (४) मा उल्लेखित अस्थायी वा स्थायी आवास पुनर्निर्माण कार्यमा सहयोग गर्न चाहने स्वयंसेवकहरुले जिल्ला दैवी प्रकोप उद्दार समितिमा गई यही जेठ ३ भित्र दर्ता गरिसक्नु पर्नेछ । यस कार्यमा सहयोग गर्न चाहने स्वयंसेवकहरु सम्बन्धित जिल्लाका वासिन्दा हनुपर्ने छ । साथै निजहरु शारीरिक रुपमा तन्दुरुस्त हुनु पर्नेछ । यस कार्यमा आवश्यक पर्ने स्वयंसेवकहरुको संख्या जिल्ला दैवी प्रकोप उद्दार समितिबाट निर्धारण भए बमोजिम हुनेछ ।

३) आफ्नो समूहका स्वयंसेवकहरुलाई मर्यादित ढंगले परिचालन गराउनुपर्नेछ ।

४) स्थायी वा अस्थायी आवासहरुको निर्माण कार्यमा संलग्न हुन चाहने स्वयंसेवकहरुले सहरी विकास मन्त्रालय अन्तरगतका सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई (DUDBC) द्वारा तोकिएका प्रशिक्षकहरुबाट अनुशिक्षण तालिम लिनुपर्नेछ । यस सम्बन्धी व्यवस्था सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईले गर्नेछ ।

५) अनुदान सम्झौता कार्य एवं गुनासो व्यवस्थापन कार्यमा संलग्न हुन चाहने स्वयंसेवकहरुले सम्बिन्धत गाविसमा रहेका गाविस सचिव वा इन्जिनियर वा अन्य तोकिएका प्रशिक्षकहरुबाट अनुशिक्षण तालिम लिनुपर्नेछ ।

६) स्वयंसेवकहरुले तोकिए बमोजिम आ-आफ्नो कार्य क्षेत्रमा गई कार्य गरेको रेकर्ड राख्नुपर्नेछ र सो को जानकारी सम्बद्ध गा.वि.स. नगरपालिका वा जिल्ला दैवी प्रकोप उद्धार समितिमा दिनुपर्ने छ ।

७) स्वयंसेवकहरुले आफ्नो यातायात, बसोबास तथा खानपानको व्यवस्था लगायत अन्य सवै खर्चहरु आफै गर्नुपर्नेछ ।

८) स्वयंसेवकहरुको पहिचानका लागि सम्बन्धित गा.वि.स./न.पा. वा जिल्ला दैवी प्रकोप उद्धार समितिबाट एक-एक वटा ब्याच उपलब्ध गराइनेछ ।

९) स्वयं सेवकहरुले स्थानीय भूकम्प पीडित जनताको मनोभावनाको प्रतिकूल हुने गरी कुनै पनि कार्य गर्न हुने छैन र उनिहरुलाई थप आर्थिक भार पार्न हुने छैन ।